मर्कन्टाईल एक्सचेन्ज नेपाल लिमिटेड
जहाँ गर्छ राष्ट्रले कारोबार
आइ.एस.ओ. ९००१:२००८ बाट मान्यता प्राप्त एक्सचेन्ज

# ब्रोकर

## अ. ब्रोकर हुनका लागि चाहिने योग्यताहरु

क) कुनै पनि संस्था ब्रोकर हुन सक्दछ -

अ. जसको प्रबन्धपत्रको उद्देश्य वा जसलाई संविधान अनुसार वित्तीय र वस्तु बजारमा समावेश हुन अनुमति दिइएको छ

आ. शेयर बजारको ब्रोकर वा वस्तु बजारको ब्रोकर भएको संस्था

इ. ब्रोकरका गतिविधिहरु र आफ्नो जिम्मेवारी प्रभावकारी तरिकाले पूरा गर्न आवश्यक पूर्वाधार भएको

ई. यदि संस्था नेपाल बाहिर अधिवासित छ भने, सो संस्थाले नेपालमा आफ्नो कारोबार संचालन गर्न नेपाल सरकारबाट आवश्यक अनुमति लिएको हुनुपर्छ ।

ख) ब्रोकरको नेपालमा कुनै पनि अदालतमा कुनै पनि वित्तीय अपराध वा धोखाधडीमा मुद्दा मामला दायर भएको हुनहुँदैन ।

ग) ब्रोकर एक भन्दा बढी क्लियरिङ्ग सदस्यसँग दर्ता हुन सक्नेछ ।

## आ. दर्ता हुने प्रक्रिया

यदि माथिको योग्यताहरु पूरा भएको छ भने, निवेदक ब्रोकरका रुपमा दर्ता हुन योग्य छ र निवेदकले दर्ता हुनका लागि तल उल्लेख प्रक्रिया पालना गर्नुपर्नेछ :

- मेक्सका बैंकिङ्ग साझेदार मध्ये कुनै एउटा बैंकमा निवेदकको खाता खोलेको हुनुपर्छ (बैंकिङ्ग साझेदारका नाम मेक्स वेबसाइटमा उपलब्ध छ ) र ब्रोकरका रुपमा दर्ता हुनु अघि नै सो खाताको प्रमाण बैंकबाट लिईसक्नु पर्नेछ ।

- ब्रोकरका रुपमा दर्ता हुनका लागि चाहिने फारमहरु [एक्सचेन्जद्वारा निर्धारित फारम] भरेर अन्य कम्पनीका कागजातका साथ क्लियरिङ्ग सदस्यलाई बुझायउनुपर्छ । [ब्रोकरले पेश गर्नुपर्ने/भर्नुपर्ने कागजातहरुको सूची हेर्नुहोला]
- प्राप्त भएको कागजातको सबै विवरण ठिक छ /छैन भन्ने प्रमाणित गरिन्छ र यदि कुनै विवरण छुटेको वा गलत भरिएको छ भने निवेदकले गल्ती सच्चाई बुझाउने छ ।
- क्लियरिङ्ग सदस्यको अनुपालन विभागले नयाँ ब्रोकर अनुमोदनका लागि compliance@mexnepal.com मा ईमेल पठाउनेछ ।
- यदि आवश्यक कुराहरु र मान्यताहरु पूरा भएको छ भने एक्सचेन्जको अनुपालन विभागले अनुमोदन गरेको ईमेल पठाउने छ ।
- अनुमोदित भएपछि, ब्रोकरले रजिष्ट्रेशन फारम (क्लियरिङ्ग सदस्यद्वारा एक्सचेन्जमा बुझाउने) भर्नुपर्छ र क्लियरिङ्ग सदस्यसँग सम्झौता पत्रमा हस्ताक्षर गर्नेछ ।
- क्लियरिङ्ग सदस्यको अनुपालन विभागले ब्रोकर प्रोफाईल (Broker Profile) तयार पारेर प्रमाणित गर्नेछ र रजिष्ट्रेशन फारम सहित एक्सचेन्जलाई फ्याक्स गर्नेछ ।
- मेक्सको अनुपालन विभागले त्यो ब्रोकर प्रोफाईललाई अनुमोदित गरि क्लियरिङ्ग विभाग (Clearing & Settlement Department) लाई दिनेछ जहाँबाट ब्रोकर कोड जारी गरिनेछ । यसको जानकारी क्लियरिङ्ग सदस्यलाई दिइन्छ र क्लियरिङ्ग सदस्यले सो जानकारी ब्रोकरलाई दिनेछ ।
- ब्रोकर कोड जारी भएपछि र ब्रोकरलाई जानकारी गराएपछि, ब्रोकरले अर्को दिन देखि ग्राहक र सब-ब्रोकरको दर्ता प्रक्रिया सुरु गर्न सक्नेछ ।